नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

☎ ५५३९३९०, ५५३९२३७, ५५३९३९१
फ्याक्स: ९७७-१-५५४२३९७
पो. ब. नं. १४३६४, काठमाडौं
Web: www.aepc.gov.np

खुमलटार, ललितपुर

पत्र संख्या:
चलानी नं.:

# प्रेस विज्ञप्ती

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नेपाल घरेलु तथा साना उद्योग महासंघ नवीकणीय ऊर्जा प्रविधि र घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन तथा विकासमा सहकार्य गर्दै अगाडि बढ्ने समझदारी गरेका छन् । आइतबार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयमा आयोजित कार्यक्रममा केन्द्र र महासंघ बिच यस्तो समझदारी भएको हो ।

समझदारीपत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तर्फबाट केन्द्रका कार्यकारी निर्देशक प्रा. डा. गोविन्द राज पोखरेल र नेपाल घरेलु तथा साना उद्योग महासंघको तर्फबाट महासंघका महासचिव विष्णु वहादुर लुईटेलले हस्ताक्षर गर्नुभयो ।

सरकारी निजि साझेदारी पद्दत्ति मार्फत् नवीकरणीय ऊर्जाको पहुँच बिस्तार र घरेलु तथा साना उद्योगको विकास तथा विस्तार गरी ग्रामीण गरिवी निवारण गर्न एकसाथ अगाडि बढ्ने समझदारी गरिएको हो । जसअनुसार केन्द्र र महासंघले अगामी दिनमा एक अर्काले पु-याउँदै आएको सेवाहरु एकसाथ विस्तार गरिने छ ।

नवीकरणीय ऊर्जाको पहुँच विस्तार र घरेलु तथा साना उद्योगको विकास तथा बिस्तार गरी रोजगारीका थप अवसरहरु सृजना गरी विशेष गरी ग्रामीण क्षेत्रका मानिसहरुको जीवनस्तरमा सुधार ल्याउन ऊर्जा महत्वपूर्ण साधन भएकाले त्यस्तो ऊर्जाको प्रयोग मार्फत् स्थानिय स्तरमा खेर गइरहेको उपलब्ध स्रोत र साधनलाई प्रयोग गरी गरिवी निवारण र वातावरण संरक्षणमा महत्वपूर्ण भूमिका खेल्न आगामी दिनमा एकसाथ प्रयासहरु हुने छन् । साथै एक साथ अगाडी बढ्दा नवीकरणीय ऊर्जा सामाजिक तथा आर्थिक कियाकलापहरुसंग आवद्ध हुने हुनाले ग्रामिण जनताको जीवनस्तरमा तिब्र सुधार आउने विश्वास केन्द्रले गरेको छ ।

नवीकरणीय ऊर्जाको माध्यमबाट रोजगारी सृजना गरी गरिवी निवारण गर्ने उद्धेश्यका साथ सहकार्य गरिएको हो । केन्द्रले यस अघि नेपाल उद्योग परिसंघको ऊर्जा विकास परिषदसँग समेत नविकरणीय ऊर्जाको विकासमा एकसाथ अगाडि बढ्ने समझदारी गरिसकेको छ ।

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अर्न्तगतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकासको क्षेत्रको फोकल निकाय हो भने घरेलु तथा साना उद्योग महासंघ देशमा घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धमा कार्यरत निकाय हो ।

धन्यवाद ।

०८ पौष २०६९